# हाम्रा बीमा योजनाहरू


१. सावधिक योजना (प्लान नं. ३३३)

२. धनफिर्ता योजना (प्लान नं. ३३४,३३५,३३६,३३७ र ३३९)

३. बाल योजनाहरू (प्लान नं. ३४० र ३४१)

४. जीवन आनन्द योजना (प्लान नं. ३४२)

५. गृह लक्ष्मी योजना (प्लान नं. ३४३)

६. बीमा किरण योजना (प्लान नं. ३४४)

७. जीवन तरङ्ग योजना (प्लान नं. ३४५)

८. जीवन अमूल्य योजना (प्लान नं. ३४६)

९. जीवन आस्था योजना (प्लान नं. ३४७ र ३४८)

१०. वाल सावधिक योजना (प्लान नं. ३४९)

११. जीवन सरल (प्लान नं. ३५०)

१२. बैदेशिक रोजगार म्यादी जीवन बीमा (प्लान नं. ३५१)

१३. जीवन विद्या सावधिक योजना (प्लान नं. ३५२)


## सावधिक जीवन बीमा

### प्लान नं. ३३३

### संक्षेप विवरण

तपाई र तपाईको परिवारको जीवनको गुणस्तरलाई कायम राखी राख्न भविष्यमा पर्याप्त रकमको आवश्यकता पर्न जान्छ । तसर्थ, भविष्यमा आईपर्न सक्ने अनिश्चित आर्थिक भारबाट बच्न जीवन बीमा सुरक्षा जरूरी छ । बीमा योजना लिई नियमित बचत गर्न सके तपाई र तपाईको परिवारलाई सुरक्षित भविष्य प्रदान गर्न सकिनेछ ।

### लाभहरू

यस योजना अन्तर्गत बीमाङ्क रकम अनर्जित बोनससहित बीमा अवधि समाप्तिपछि अथवा बीमा अवधिमा बीमितको मृत्यु भएमा प्रदान गरिन्छ ।

### विशेषताहरू

- यो नाफासहितको योजना हो ।
- न्युनतम बीमाङ्क रकम रू १०,००० र अधिकतम बीमाङ्क रकम जतिको पनि हुन सक्ने ।
- कम्तीमा दुई बर्ष पुरा बीमाशुल्क तिरेको भए बीमालेख चुक्ता बीमालेखमा परिणत हुनेछ ।
- पुरा दुई बर्षको बीमाशुल्क तिरेको बीमालेख दुई बर्ष अवधि पुरा भएपछि समर्पण गर्न समेत सकिने छ ।
- दुई बर्षपश्चात समर्पण मूल्यको ९०% सम्म कर्जा सुविधा उपलब्ध हुनेछ ।
- यदि कम्तीमा दुई बर्षको पुरा बीमाशुल्क भुक्तानी भैसकेको बीमालेखमा अर्को बीमाशुल्क भुक्तानी नभएको मितिबाट एक बर्षभित्र बीमितको मृत्यु भएमा पनि बीमाङ्क रकम नियमानुसार प्रदान गरिनेछ ।
- प्रवेश उमेर १८ बर्षदेखि ५० बर्ष र परिपक्व उमेर ६० बर्षभित्र हुने पोलिसीमा बीमाङ्क रकमको आधारमा दोब्बरसम्मको टर्म राइडर सुविधा उपलब्ध हुनेछ । यस्तो योजनामा दुई लाखभन्दा बढीको बीमाङ्क रकम हुने छैन ।
- १८ बर्षदेखि ७० बर्षसम्मका बीमितलाई स्थायी असक्तता लाभ सहितको दोहोरो दुर्घटना लाभ उपलब्ध हुन सक्नेछ ।

## धनफिर्ता योजना

### प्लान नं. ३३४,३३५,३३६,३३७,३३९

### संक्षेप विवरण

धनफिर्ता योजना अन्तर्गत बीमाङ्क रकमको निश्चित प्रतिशत समय अवधिको अन्तरालमा बीमितलाइ फिर्ता दिइने छ । यो बीमा को बिशेषता भन्नु नै बीमा अवधि भित्र यदि बीमितको मृत्यु भएको खण्डमा पुरै बीमाङ्क रकम (समयावधिको अन्तरालमा जीवित लाभ  बापत फिर्ता गरिएको रकम नघटाइ) बोनश सहित प्रदान गरिने छ । बीमालेखमा अतिरिक्त रुपमा तिर्नुपर्ने बोनश पुरै बीमाङ्कको आधारमा गणना हुने र सो रकम तोकिएको अवधि समाप्तिपछि वा बीमा अवधिमा बीमितको मृत्यु भएमा सोही बेला भुक्तानी दिइनेछ ।

| प्लान नं. | अवधि | जीवित लाभ | | | | |
|---|---|---|---|---|---|---|
| | | ५ बर्ष | १० बर्ष | १५ बर्ष | २० बर्ष | २५ बर्ष |
| ३३४ | १५ बर्ष | १५% | २५% | ६०% | - | - |
| ३३५ | २० बर्ष | - | २५% | २५% | ५०% | - |
| ३३६ | २५ बर्ष | - | १०% | १५% | २५% | ५०% |
| ३३७ | २० बर्ष | - | १५% | २५% | ६०% | - |
| ३३८ | १५ बर्ष | २५% | २५% | ५०% | - | - |

### विशेषताहरू

- यो नाफासहितको योजना हो ।
- कम्तीमा दुई बर्ष पुरा बीमाशुल्क तिरेको भए बीमालेख चुक्ता बीमालेखमा परिणत हुनेछ ।
- पुरा दुई बर्षको बीमाशुल्क तिरेको बीमालेख दुई बर्ष अवधि पुरा भएपछि समर्पण गर्न समेत सकिनेछ ।
- दुई बर्षपश्चात समर्पण मूल्यको ९०% सम्म ऋण सुविधा उपलब्ध हुनेछ ।

- यदि कम्तीमा दुई बर्षको पुरा बीमाशुल्क भुक्तानी भैसकेको बीमालेखमा अर्को बीमाशुल्क भुक्तानी नभएको मितिबाट एक बर्षभित्र बीमितको मृत्यु भएमा पनि बीमाङ्क रकम नियमानुसार प्रदान गरिनेछ ।
- प्रवेश उमेर १८ बर्षदेखि ५० बर्ष र परिपक्व उमेर ६० बर्षभित्र हुने पोलिसीमा बीमाङ्क रकमको आधारमा दोब्बरसम्मको टर्म राइडर सुविधा उपलब्ध हुनेछ । यस्तो योजनामा दुई लाखभन्दा बढीको बीमाङ्क रकम हुने छैन ।
- १८ बर्षदेखि ७० बर्षसम्मका बीमितलाई स्थायी असक्तता लाभ सहितको दोहोरो दुर्घटना लाभ उपलब्ध हुन सक्नेछ ।

## बाल योजना

**प्लान नं. ३४० बाल ममता**
**प्लान नं. ३४१ बाल स्नेह**
**संक्षेप विवरण**

यस योजना अन्तर्गत सुनिश्चित थप लाभ रू ६५ प्रति वर्ष प्रति हजारको दरले प्रारम्भिक बीमाङ्कमा पहिलो ५ बर्षसम्म दिइनेछ र ५ बर्ष पश्चात् मुनाफाको अनुपातमा दिइनेछ । सुनिश्चित थप लाभ र आर्जित बोनस रकम बीमा परिपक्व भएपछि अथवा बीमितको मृत्यु हुनासाथ प्रदान गरिने छ । यस योजना अन्तर्गत बीमितको उमेर १६ बर्ष (३४०) र २० बर्ष (३४१) सम्म रहने गरी बीमाशुल्क तिर्ने हिसाबमा योजना छनौटको बिकल्प रहेको छ ।

बीमितको उमेर अनुसार प्राप्त हुने जीबित लाभ :

| योजना नं. | १६ बर्ष | १८ बर्ष | २० बर्ष |
|---|---|---|---|
| ३४० | बीमाङ्कको २५% | बीमाङ्कको २५% | ५०% र बोनस |
| ३४१ | बीमाङ्कको २५% | बीमाङ्कको २५% | ५०% र बोनस |

## जीवन आनन्द

**प्लान नं. ३४२**
**संक्षेप विवरण**

जीवन आनन्द एउटा यस्तो योजना हो जसमा मुनाफा सहितको सावधिक जीवन बीमा तथा मुनाफा रहितको आजीवन बीमा दुवैको मिश्रीत गुणहरु समावेश गरिएको छ । यस योजनाको सुन्दर पक्ष यो छ कि बीमा परिपक्वतापछि आर्जित बोनससहित निर्धारित बीमाङ्क रकम एकमुष्ठ प्रदान गरिन्छ र त्यसपछि पनि बीमितको मृत्यु नभएसम्म निशुल्क जीवन बीमा बहन गरि रहन्छ ।

**विशेषताहरू**

- यो नाफासहितको योजना हो ।
- जीवन बीमा अवधिको समाप्तिपछि मूल बीमाङ्क रकमको साथ आर्जित बोनस रकम एकसाथ प्रदान गरिन्छ ।
- बीमाशुल्क भुक्तानी गर्नु पर्ने अवधि भित्र बीमितको मृत्यु भएमा आर्जित बोनस रकमको साथ बिमाङ्क रकम भुक्तानी गरिने छ ।
- बीमाशुल्क भुक्तानी गर्नु पर्ने अवधिको समाप्ति पश्चात बीमितको मृत्यु भएमा बीमाङ्क बराबरको रकम पुनः इच्छाईएको व्यक्तिलाई भुक्तानी गरिने छ । बीमा परिपक्वतापछि पनि यो जीवन बीमा निःशुल्करूपमा चलिरहेको हुन्छ ।

- १८ बर्षदेखि ७० बर्षसम्मका बीमितलाई स्थायी असक्तता लाभ सहितको दोहोरो दुर्घटना लाभ उपलब्ध हुन सक्नेछ ।

## गृह लक्ष्मी

**प्लान नं. ३४३**

**संक्षेप विवरण**

यस योजना अन्तर्गत बीमितको मृत्यु भएमा सुनिश्चित थप मुनाफा र बोनससहित बीमाङ्क रकम दिइन्छ । बीमा प्रारम्भ भएको तीन वर्ष पूरा भएपछि १४औ बर्षको अन्त्यसम्ममा प्रत्येक वर्ष बीमाङ्कको ४% रकम अग्रिम भुक्तानी दिइने छ । ( १२ किस्ताहरू र व्यालेन्स बीमाङ्क रकम बीमा परिपक्वतापछि प्रदान गरिन्छ ।)

बीमालेखको पहिलो पाँच वर्षको अवधिका लागि रू. ६५/- प्रति हजारको दरले सुनिश्चित लाभ दिइनेछ । यस्तो लाभ रकम बीमा अवधिमा बीमितको मृत्यु भएमा वा बीमा अवधि समाप्तिपछि भुक्तानी गरिन्छ । ५ बर्ष पश्चात् भने यस्तो बीमालेखलाई कम्पनीले घोषणा गरे अनुसारको बोनस प्राप्त हुनेछ । यस योजना अन्तर्गत कर्जा सुविधा उपलब्ध छैन ।

## बीमा किरण

**प्लान नं. ३४४**

**संक्षेप विवरण**

बीमा किरण एउटा यस्तो योजना हो जस अन्तर्गत न्युनतम रकम भुक्तानी गरेर अधिकतम सुरक्षा प्राप्त गर्न सकिन्छ । बीमा अवधिमा बीमितको मृत्यु भएको अवस्थामा पूर्व निश्चित बीमाङ्क बराबरको रकम र बीमाको समाप्ति मितिपछि दश वर्ष अवधिभित्रमा बीमितको मृत्यु भएमा बीमाङ्क रकमको पचास प्रतिशत रकम भुक्तानी दिइनेछ । बीमा परिपक्वता मितिसम्म बीमित जीवित रहेमा यस बीमालेखको शर्तहरूको अधिनमा रही उक्त मितिसम्म भुक्तानी गरिएको सबै बीमाशुल्क (पुरक बीमालेख वापतको बीमाशुल्क बाहेक) रकम भुक्तानी दिइनेछ । कर्जा सुविधा र समर्पण मूल्य यस योजनामा उपलब्ध हुने छैन ।

## जीवन तरङ्ग

**प्लान नं. ३४५**

**संक्षेप विवरण**

यस योजना अन्तर्गत बीमा पपिक्वतापछि प्रत्येक बीमा बर्ष दिवशमा बीमाङ्कको ५% रकम जीवित लाभ स्वरूप उपलब्ध गरिने छ । बीमा परिपक्वतापश्चात वा बीमा समाप्ति मिति अगावै बीमितको मृत्यु भएमा बीमाङ्क र नियमानुसारको आर्जित वोनस रकम एकमुष्ठ प्रदान गरिन्छ । बीमितको उमेर १०० बर्ष पुरा भए पछिको बीमा बर्ष दिवशमा वा बीमा समाप्ति मिति पछि बीमितको मृत्यु जुन पहिला हुन्छ सो समयमा पनि बीमाङ्क रकम प्रदान गरिन्छ । कर्जा र समर्पण मूल्य यस योजनामा उपलब्ध हुने छैन ।

## अमूल्य जीवन

**प्लान नं. ३४६**

**संक्षेप विवरण**

अमूल्य जीवन नियमित बीमा शुल्क भुक्तानी गरी प्राप्त हुने म्यादी बीमा योजना हो । यस योजना अन्तर्गत बीमाको समाप्ति मिति अगावै बीमितको मृत्यु भएमा पुर्व निश्चित बीमाङ्क रकम भुक्तानी दिइनेछ । दुर्घटना लाभ लिनको लागि बीमाङ्क रकममा प्रति हजार रू १.०० का दरले थप शुल्क लाग्ने छ । अधिकतम दुर्घटना लाभ रू ३ लाख (सबै योजनाहरू सहित) सम्म मात्रको हुनेछ ।

## जीवन आस्था

### प्लान नं. ३४७ र ३४८

### संक्षेप विवरण

जीवन आस्था  एकै पटक बीमाशुल्क भुक्तानी गर्नु पर्ने छोटो अवधिको बीमा योजना हो । यस योजना अर्न्तगत  बीमा परिपक्व भएपछि वा बीमितको मृत्यु भएको अवस्थामा  सुनिश्चित लाभ प्रदान गरिन्छ । यो योजना ३ वर्ष (प्लान नं. ३४७) र ५ वर्ष (प्लान नं. ३४८) अवधिको लागि प्राप्त गर्न सकिन्छ ।

### लाभहरू

- बीमा अवधिभित्र बीमितको मृत्यु भएमा बीमाङ्क रकमको दोब्बर रकम सुनिश्चित लाभसहित भुक्तानी दिइन्छ।
- बीमा परिपक्वतापछि बीमित जीवित रहेको अवस्थामा निजलाई बीमाङ्क रकम सुनिश्चित लाभसहित भुक्तानी दिइन्छ ।
- कम्पनीको नियमानुसार जारी गरिएको अन्य बीमालेखहरूको जोडसहित जम्मा रू. ५ लाखसम्मको दुर्घटना लाभ उपलब्ध हुन सक्नेछ ।
- ३ वर्षे अवधिको लागि सुनिश्चित लाभ रू ८० प्रति वर्ष प्रति हजार दिइने छ ।
- ५ वर्षे अवधिको लागि सुनिश्चित लाभ रू ८५ प्रति वर्ष प्रति हजार दिइने छ ।

## बाल सावधिक योजना

### प्लान नं. ३४९

### संक्षिप्त विवरण

१० वा सोभन्दा कम उमेरका बालबालिकाहरूको लागि मुनाफामा सरिक हुने गरी ल्याइएको योजना हो । यस योजना अन्तर्गत विमितिलाई वीमा अवधिको समाप्तपछि  बीमाङ्क रकम र सो अवधिमा आर्जित बोनस रकम एकमुष्ठ प्रदान गरिन्छ ।

### लाभहरू

- जोखिम प्रारम्भ हुनुभन्दा अगाडि विमितको मृत्यु भएमा बीमालेख रद्द भएको मानिनेछ र मृत्यु भएको अवधिसम्म तिरेको सम्पूर्ण बीमाशुल्क रकम (बीमाशुल्क मिनाह लाभ बाहेक) फिर्ता गरिनेछ ।
- जोखिम प्रारम्भपछि बीमा अवधिभित्रमा विमितको मृत्यु भएमा बीमाङ्क रकम र सो अवधिमा आर्जित बोनस रकम एकमुष्ठ प्रदान गरिन्छ ।
- ५० बर्ष उमेर (जन्मदिनबाट नजिक) सम्मको प्रस्तावकले अतिरिक्त शुल्क तिरेर बीमाशुल्क मिनाह लाभ (PWB) लिन सक्नेछ । बीमाशुल्क मिनाह लाभमा प्रस्तावकको मृत्यु भएमा मृत्युपछि तिरिनु पर्ने बीमाशुल्कहरू मिनाह हुनेछ ।
- यस योजनामा बीमा प्रारम्भ भएको २ बर्षपछि अथवा विमित ५ बर्ष उमेर पुगेपछिको पहिलो बीमा बर्ष समाप्तिमध्येमा जुन ढिला आउँछ सो मितिबाट जोखिक प्रारम्भ भएको मानिनेछ ।
- यस योजनामा न्युनतम बीमाङ्क रकम रू. ५०,००० र अधिकतम रू. ५० लाख कायम गरिएको छ ।

## जीवन सरल

**प्लान नं. ३५०**

**संक्षिप्त विवरण**

जीवन सरल प्रचलित बीमा योजनाहरूको राम्रा विशेषताहरू र अत्यधिक लचकता सहितको मिश्रण गरी ल्याइएको अनुपम योजना हो । यस योजनाले विमितहरूलाई उच्च सुरक्षाकवच, उच्च प्रतिफल र उच्च तरलता जस्ता लाभहरू प्रदान गरेको छ ।

**मृत्यु लाभ**

- यस अन्तर्गत विमितको मृत्यु भएमा मासिक बीमाशुल्कको २५० गुणा बराबरको रकमलाई बीमाङ्क रकम मानिनेछ, साथै
- भुक्तानी भएको सम्पूर्ण बीमाशुल्क रकम (प्रथम बर्षको बीमाशुल्क र अतिरिक्त राइडर बाहेक) फिर्ता गरिने, साथै
- अतिरिक्त लोयल्टी पाउन योग्य भए सो समेत प्रदान हुने ।

**परिपक्वता लाभ**

- परिपक्व बीमाङ्क, र
- अतिरिक्त लोयल्टी, यदि भएमा
- यदि बीमालेख २ वा सोभन्दा बढी बर्ष सबै लाभहरूको लागि चालु आवस्थामा रहेको छ भने कदमकदाचित कुनै बीमाशुल्क भुक्तानी हुन नसक्दा त्यस्तो बीमाशुल्क भुक्तानी हुन नसकेको मितिबाट थप १२ महिनासम्मको अवधिभर पनि जोखिम बहन हुनेछ । तर, यस्तो जोखिम राइडर लाभ अन्तर्गत बहन हुने छैन । यस्तो लाभ एक वा सोभन्दा बढी आंशिक समर्पण गर्नेहरूका लागि पनि दिइनेछ ।

**नाफामा सरिक हुने**

- अतिरिक्त लोयल्टीको तरिकाबाट यो बीमालेख मुनाफामा सरिक हुनेछ । बीमालेखले सक्रियरूपले कम्तीमा १० बर्ष पुरा गरेपछि लोयल्टी घोषणा गरिन्छ । चालु बीमा अवधिको १०औ बर्षमा विमितको मृत्यु भएमा पनि अतिरिक्त लोयल्टी प्रदान गरिन्छ ।

## वैदेशिक रोजगार म्यादी बीमा योजना

**प्लान नं. ३५१**

**संक्षिप्त विवरण**

वैदेशिक रोजगारमा जाने व्यक्तिहरूले गर्नु पर्ने रू. ५ लाख बीमाङ्क बराबरको म्यादी जीवन बीमा अन्तर्गत तालिकामा उल्लेख भए अनुसारको बीमा अवधि, उमेर र बीमाशुल्क निर्धारण गरिएको छ ।

| बीमा अवधि | उमेर समूह | | | |
|---|---|---|---|---|
| | १८-३५ वर्ष | ३६-५० वर्ष | ५१-६४ वर्ष | ६५ वर्षभन्दा माथि |
| १ वर्ष | १,०२५ | १,५०० | ३,५०० | बीमकले निर्धारण गरे बमोजिम |
| २ वर्ष | १,८२५ | २,५०० | ५,००० | |
| ३ वर्ष | २,४३० | ३,४०० | ६,६०० | |
| ४ वर्ष | ३,०५० | ४,२०० | ८,३०० | |
| ५ वर्ष | ३,५५० | ४,९०० | १०,००० | |

# जीवन विद्या सावधिक योजना

**प्लान नं. ३५२**
**संक्षिप्त विवरण**

यो १० वर्ष वा सो भन्दा कम उमेरका बाल बालिकाहरुका लागि ल्याइएको मुनाफा सहितको सावधिक जीवन बीमा योजना हो । यस योजनामा बिमितद्वारा बीमाको समाप्ति मितिपछि पनि ब्याज प्राप्त गर्नको लागि बिमित जिवित रहुन्जेलसम्म एल.आई.सी.(नेपाल) सँग परिपक्व चालु राख्न सकिने स्वेच्छिक सुबिधा प्रदान गरिएको छ । यस योजनाको विस्तृतमा तल उल्लेख गरिएको छ ।

**लाभहरु :**

**१. जीवित लाभः**

बीमाको समाप्ति मितिसम्म बीमित जीवित रहेको अवस्थामा मुनाफा सहितको बीमाङ्क रकम प्रदान गरिने छ ।
२ एल.आई.सी.(नेपाल) सँग परिपक्वता कायम राख्ने सकिने स्वेच्छिक अवस्था:
यस योजना अन्तर्गत बिमितद्वारा बीमाको समाप्ति मितिपछि पनि परिपक्वता लाभ एल.आई.सी.(नेपाल) सँग कायम राख्न सकिने स्वेच्छिक व्यवस्था गरिएको छ । यसरी राखिएको रकममा एल.आई.सी.(नेपाल) बाट समय समयमा निर्धारण गरिएको ब्याज दर आर्जन गर्न सकिने व्यवस्था गरिएकोछ । बिमा परिपक्वता पश्चात बिमा समाप्ति हुनेछ र मुनाफामा सरिक हुने छैन । तर बिमा परिपक्वता पश्चात यस योजनामा ब्याज रकम हरेक वर्ष कम्पनीको दायित्वको मूल्यांकनको आधारमा घोषणा गरिनेछ । यसमा प्रदान गरिने ब्याज दर बचत खातासँग आबद्ध हुन सक्नेछ ।

**२. मृत्यु लाभः**

जोखिम प्रारम्भ हुनुभन्दा अगाडि
बीमा अवधिमा जोखिम प्रारम्भ हुनुभन्दा अगाडि बीमितको मृत्यु भएमा बीमालेख रद्ध हुनेछ र भुक्तानी गरिएका सबै बीमाशुल्क फिर्ता हुनेछ ( बीमाशुल्क मिनाहा लाभ को लागि तिरीएको शुल्क बाहेक ) ।

जोखिम प्रारम्भ भएपछि
बीमा अवधिमा, जोखिम प्रारम्भ मिति पश्चात तर समाप्ती मिति भन्दा अगावै दुर्भाग्यवश बीमितको मृत्युभएमा पुरै बीमाङ्क तथा बोनस प्रदान गरिनेछ ।

**३. बीमाशुल्क मिनाहा लाभः**

अतिरिक्त बीमाशुल्क तिरीएको अवस्थामा प्रस्तावकले बीमाशुल्क मिनाहा लाभ प्राप्त गर्न सक्नेछ । यो लाभ अन्तर्गत प्रस्तावकको मृत्यु भएमा मृत्यु भए पश्चातको बीमा शुल्क भुक्तानी गर्नु पर्ने छैन । यो लाभ प्रस्तावकको प्रवेशमा उमेर बढीमा ५० वर्ष जन्मदिन **नजिक** रहेको अवस्थामा मात्र प्रदान गरिने छ ।

**अग्रिम बिमा शुल्क भुक्तानी**
यस योजना अन्तर्गत अग्रिम बिमा शुल्क भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ जहाँ नविकरण बीमा शुल्क भुक्तानीमा हाल ५% छुट चकबृद्धी ब्याजदरमा उपलब्ध हुने प्रावधान छ । यो छुट दर हरेक आर्थिक वर्षको अन्तिम मितिमा पुनरावलोकन गरिनेछ । यस अग्रिम बिमा शुल्क भुक्तानीलाई एउटा छुट्टै खाता Advance Premium Deposit Account मा राखिनेछ जहाँबाट बिमा शुल्क भुक्तानी मितिमा बीमा शुल्क तिरेर समायोजन गरिनेछ ।

प्रत्येक बिमा शुल्क भुक्तानी मितिपछि समायोजन गरेर बाँकी रहेको रकम फेरि Advance Premium Deposit Account मा राखिनेछ । अग्रिम बिमा शुल्क भुक्तानीको सुबिधा बिमालेख अवधिभर प्राप्त गर्न सकिनेछ ।

**अग्रिम बिमाशुल्क भुक्तानी फिर्ता :**

Advance Premium Deposit Account अन्तर्गत तिरेको अग्रिम बिमाशुल्क रकम जसको भुक्तानी मिति आएको हुदैन त्यसलाई निम्न अवस्थामा मात्र फिर्ता गर्न सकिनेछ :

- मृत्यु भएको अथवा कुनै कारणवश बाहिरिएको खण्डमा Advance Premium Deposit Account मा रहेको unadjusted amount.
- बिमितद्वारा Advance Premium Deposit Account मा जम्मा गरिएको रकम फिर्ता पाउनको निम्ति आग्रह गरिएमा ।

यसरी फिर्ता माग गरिएको रकममा अग्रिम बिमाशुल्क जम्मा गरिएको मितिबाट एक बर्ष भित्रमा ब्याज उपलब्ध गराइने छैन । यदि रकम फिर्ता माग गरिएको मिति, एक वर्ष नाघेको खण्डमा Advance Premium Deposit मा रहेको रकम कम्पनीद्वारा समय समयमा तोकिएको ब्याजदरमा उपलब्ध गराउन सकिनेछ । हाल कायम रहेको चक्रबृद्धी ब्याजदर बार्षिक ५.५% रहेको छ ।